# भिमाद नगरपालिका
## BHIMAD MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE
भिमाद, तनहुँ
BHIMAD, TANAHUN
२०७३ / 2073

गण्डकी प्रदेश, नेपाल
GANDAKI PROVINCE, NEPAL

प.सं / REF. NO. : २०८२/०८३
च.सं / DIS. NO. :

मिति: २०८३/०१/०४

## विज्ञप्ति

मिति २०८३।०१।०४ को भिमाद नगरपालिका, नगर शिक्षा समितिको निर्णयानुसार विद्यमान शिक्षा नियमावली, २०५९ को नियम ८४ (५) को व्यवस्था तथा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा पठनपाठनको समयावधि सम्बन्धमा विद्यालय शिक्षाको सबै कक्षाका लागि एक शैक्षिक वर्षमा कम्तीमा २०५ दिन पठनपाठन सञ्चालन गर्नुपर्ने व्यवस्था भएकोमा नेपाल सरकारको मिति २०८२।१२।२२ को नेपाल राजपत्रमा शैक्षिक संस्थाहरूमा समेत शनिबार र आइतबार विदा दिने सूचना प्रकाशन भएको सन्दर्भमा सबै विद्यालयले तपसिल अनुसार गर्ने।

**तपसिल**

१. सबै विद्यालयहरूमा मिति २०८३।०१।०४ गतेबाट नियमित भर्ना अभियान प्रारम्भ गर्ने।

२. सबै विद्यालयहरूमा मिति २०८३।०१।०७ गतेदेखि नियमित पठनपाठन सञ्चालन गर्ने।

३. मिति २०८३।०१।१५ गतेसम्म सेवा क्षेत्रका बालबालिका विद्यालय शिक्षामा सहभागी हुने सुनिश्चितताका लागि वडा कार्यालय समेतको समन्वयमा विशेष भर्ना अभियान सञ्चालनका साथै शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको २०८२।१२।२६ को परिपत्रानुसार विद्यालयले तयार गर्नुपर्ने शैक्षिक योजना निर्माणका कार्य सम्पन्न गर्ने।

४. सबै विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तक मात्र लागू गर्ने।

५. सबै संस्थागत विद्यालयले संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारित शुल्क मात्र लिने व्यवस्था कार्यान्वयन गर्ने

६. सबै संस्थागत विद्यालयले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले तोकेको प्रतिशत अनुसार छात्रवृत्ति उपलब्ध गराउने।

दधिराज सुवेदी
नगर प्रमुख

दधिराज सुबेदी
नगर प्रमुख